श्री..................................................समिति\संघ संस्था\कलव\संघको

विधान २०८.......

**प्रस्तावनाः**

कपुरकोट गाउँपालिकाको वडा न...मा सञ्चालन भएको..........................................समिति\संघ संस्था\कलव\संघ को यो कपुरकोट गाउँपालिकाको संघ संस्था दर्ता तथा नविकरण कार्यविधि २०८१ को दफा ४(क) बमोजिम यस संस्थाको साधारण सभा/तदर्थ समितिले यो विधान पास गरी लागु गरेको छ ।

**परिच्छेद–१**

**<u>प्रारम्भिक</u>**

**१. संक्षिप्त नाम र प्रारम्भः-**

क) यस संस्थाको नाम ........................................................ रहनेछ ।अंग्रेजीमा ............................................................ हुनेछ ।

ख) यस संस्थाको मुख्य कार्यालय सल्यानमा जिल्ला कपुरकोट गाउँपालिका वडा न .... को ................................... स्थानमा रहनेछ । आवश्यकता महशुस भएमा जिल्ला भित्र वा अन्य जिल्लाको कुनै पनि स्थानमा स्थानीय अधिकारीको स्वीकृती लिएर शाखा तथा उप–शाखा समेत खोल्न तथा कार्यक्षेत्र विस्तार गर्न सकिने छ ।

ग) यो संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

घ) संस्थाको अस्तित्वः

यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर–नाफामूलक, गैर–राजनीतिक तथा गैर–सरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श लगायत अन्य कुनै पनि कार्य गरिने छैन ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) “संस्था” भन्नाले “..........................................................................” लाई सम्झनु पर्दछ ।

ख) समिति” भन्नाले यस विधान बमोजिम गठित संस्थाको कार्यसमितिलाई सम्झनु पर्दछ ।

ग) “विधान” भन्नाले “..............................................” को विधान २०८१ लाई सम्झनु पर्दछ ।

घ) “कोष” भन्नाले ” ..............................................................” संस्थाको कोषलाई बुझ्नुपर्दछ ।

ङ) “स्थानीय अधिकारी” भन्नाले कपुरकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) “कार्यपालिका ” भन्नाले कपुरकोट गाउँपालिकालाई सम्झनुपर्दछ ।

छ) “सभा” भन्नाले विधान बमोजिम बसेको साधारण सभा तथा विशेष साधारण सभालाई सम्झनु पर्दछ ।

ज) “पदाधिकारी” भन्नाले विधानको दफा १४ बमोजिमका पदाधिकारीलाई सम्झनुपर्दछ ।

ञ) “ ऐन ” भन्नाले संस्था दर्ता ऐन २०३४ लाई सम्झनु पर्दछ ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

**३. संस्थाको छाप वा चिन्हः-**

प्रचलित व्यवस्थाको प्रतिकुल नहुने गरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ । छाप र चिन्ह अनुसूचि १ बमोजिमको ढाँचामा हुनेछ ।

## परिच्छेद–२

## संस्थाको उद्देश्य, रणनीति तथा सदस्यता सम्बन्धी ब्यवस्था

**४. संस्थाको उद्देश्यः-**

यस संस्थाको उद्देश्यहरु देहाय बमोजिम हुनेछन ।

(क) यस संस्था मुनाफारहित र जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) ......................................................................................................... ।

(ग) .........................................................................................................।

(घ) ......................................................................................................... ।

(ङ) ........................................................................ ...................................।

.............................................................................................................................

...............................................................................................................................

**५. संस्थाको उद्देश्य प्राप्त गर्न अपनाइने रणनीतिहरुः-**

यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कृयाकलापहरु गर्न सकिनेछ ।

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने जग्गा खरिद गर्ने, भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन सक्नेछ र कम्प्युटर, टेलिफोन,मोवाईल, प्रिन्टर,स्क्यानर, फ्याक्स जस्ता कार्यालय सामान, मसलन्द तथा सवारी साधन खरिद गर्न सक्नेछ वा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु प्रचलित नियमानुसार निर्धारण गर्न सक्नेछ ।

(घ) संस्थाको नामामा प्राप्त रकम बैंक खातामा जम्मा गरी कारोवर संचालन गरिनेछ ।

...................................................................................................................................

....................................................................................................................................

.......................................................................................................................................

........................................................................................................................................

**६. सदस्यताको वर्गिकरणः -**

यस संस्थामा ३ प्रकारका देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।

(क) साधारण सदस्यः

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका नेपाली नागरिकले तोकेको प्रकृया अन्तर्गत रही आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने गरी सदस्य वन्न सक्नेछ ।

(ख) आजीवन सदस्यः

संस्थाको विकासको लागि विशेष सहयोग पुर्याउने व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

(ग) मानार्थ सदस्यः

संस्थाले उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित स्वदेशी वा विदेशी नागरिकलाई कानुन बमोजिमको प्रकृया पुरा गरी संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

.....................................................................................

.........................................................................................

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः-**

यस संस्थाको सदस्यताको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्ने छ ।

(क) नेपाली नागरिक,

(ख) १८ बर्ष  मेर पुरा गरेको ,

(ग) मानसिक स्वास्थ ठिक भएको व्यक्ति,

(घ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको व्यक्ति।

ङ)सार्वजनिक सम्पत्ति हिनामिना नगरेको ,

च)निश्वार्थ भावनाले सेवा गर्ने चाहना भएको ,

...................................................................

......................................................................

...................................................................

**८. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः**

**(१) साधारण सदस्यः-**

(क) साधारण सदस्यताको लागि प्रवेश शुल्क रु -------।–बुझाई तोकिएको प्रकृया अनुसार कार्यसमितिमा लिखित निवेदन पेश गरी समितिबाट उक्त निवेदन स्वीकृत भएमा साधारण सदस्यता प्रदान गर्न सकिनेछ।

(ख) यो सदस्यता हरेक बर्ष नविकरणको लागि रु. --------।–शुल्क तिर्नु पर्नेछ ।

(ग) साधारण सदस्य प्राप्त गर्ने सदस्यले हरेक वर्ष आषाढ मसान्त भित्र नविकरण गराईसक्नु पर्नेछ र त्यसपछिको हकमा तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

घ) संस्था दर्ता गर्दाका बखतको तदर्थ समितिका पदाधिकारी र भेलाका सदस्यहरुले निर्धारित सदस्यता शुल्क संस्था दर्ता हुदाका बखत वैंक खातामा जम्मा गरेको हुनुपर्दछ ।

**(२) आजीवन सदस्यः-**

संस्थामा एकमुष्ठ रु ---------।– बुझाइ तोकिएको प्रकृया अन्तर्गत आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

**(३) मानार्थ सदस्यः-**

साधारण सभाले निर्णय गरे अनुसार मानार्थ सदस्यता प्रदान गरिने छ तर शुल्क लाग्ने छैन । मानार्थ सदस्यहरुलाई निर्वाचनमा भाग लिन र मताधिकार रहने छैन ।

(४) कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सो को कारणसहितको जानकारी आवेदकलाई दिइनेछ ।

(५) सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेका नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

(६) संस्थाले प्रदान गरेको उपदफा १, २, ३  अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

**९. संस्थाको सदस्य नियुक्ति हुन वा बहाल रहन नसक्ने अवस्थाः-**

देहायका कुनै पनि व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्ने छैन ।

(क) गैह्र नेपाली नागरिक र १८ वर्ष उमेर पुरा नगरेको।

(ख) दामासाहीमा परेको।

(ग) मानसिक सन्तुलन गुमाएको व्यक्ति ।

(घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते, जालसाझी गरेको वा आफ्नो जिम्माको सरकारी धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भुक्तान नभएको व्यक्ति।

(ङ) सम्बन्धित संस्थाप्रति निजी स्वार्थ भएको व्यक्ति।

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएको व्यक्ति।

..........................................................................................................................

..........................................................................................................................

..............................................................................................................................

**१०. सदस्यताको समाप्तीः-**

देहायको अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन ।

(क) दफा ९ बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा।

(ख)साधारण सभाको दुई तिहाई बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित भएमा ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा वा निजको मृत्यु भएमा।

(घ) संस्थाको काम कारबाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा।

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा ।

(च) लगातार विना सूचना तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा ।

..................................................................................................................

..................................................................................................................

.......................................................................................................................

तर कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा बहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सबुद/ प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ।

## परिच्छेद– ३

## साधारण सभा , कार्यसमिति अन्या समिति सम्बन्धी व्यबस्था

**११. साधारण सभाको गठनः-**

(१) संस्थाको विधानको दफा ८ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुबाट संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुने छैन । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

(२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) बार्षिक साधारण सभाः-_वर्षको एकपटक बार्षिक साधारण सभा बस्नेछ ।

ख) विशेष साधारण सभाः- संस्थाको कूल सदस्यको संख्याको १/४ (एक चौथाई) सदस्यहरुले लिखित कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिन भित्र अनिवार्य रुपमा बोलाउनु पर्दछ तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्रमा पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

(३) यस संस्थाको प्रथम बार्षिक साधारण सभा संस्था दर्ता भएको मितिले दुई महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक बर्ष समाप्त भएको मितिले दुई महिनाभित्र गरिनेछ ।

(४) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नको लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइनेछ ।

(५) उपनियम (४) बमोजिम बोलाइएको साधारण सभामा दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

(६) साधारण सभा र विशेष साधारण सभाको छुट्टाछुट्टै निर्णय पुस्तिका राखिनेछ ।

.......................................................................................................................

.......................................................................................................................

.......................................................................................................................

**१२. गणपुरक संख्याः-**

(क) कुल सदस्य संख्याको दुई तिहाइ प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन तर विधानको दफा ११ को उपदफा (५) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कुल संदस्यको ५१ प्रतिशत उपस्थित भएमा सभा बस्न बाधा पर्ने छैन।

**१३. साधारण सभाको काम, कर्तव्य र अधिकारः-**

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने।

(ख) लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमितता तथा बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक तय गर्ने ।

(घ) संस्थाको बार्षिक प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मूल्याङकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने,

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रकृया अन्तर्गत रही निर्वाचन गर्ने,

(च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने।

(ज) कार्यसमितिबाट संस्थाको हित अनुकुल भएका काम/कारवाहीहरुको औचित्य हेरी अनुमोदन गर्ने।

(झ) संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यसमितिले पेश गरेको कर्मचारीहरुको दरबन्दी पारिश्रमिक भत्ता तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृती प्रदान गर्ने।

ञ) सम्पत्ती प्राप्ति ,वेचविखन लगाएतका आर्थिक तथा प्रशासनिक महत्वका निर्णयहरु स्वीकृत गर्ने।

...................................................................................................................................

...................................................................................................................................

...................................................................................................................................

**१४. कार्य समितिको गठनः-**

१) कार्य समिति संस्थाको कार्यकारी अंग रहनेछ ।

२) साधारण सभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी एक ....कार्य समिति गठन हुने छ ।

क) अध्यक्ष –१जना

ख) उपाध्यक्ष –१जना

ग) सचिव –१जना

घ) सह–सचिव –१जना (अनिवार्य नभएको)

ङ) कोषाध्यक्ष –१जना

च) सदस्य – जना (आवश्यक अनुसार तर मूल पदाधिकारीको संङ्ख्या भन्दा बढी हुनुपर्ने)

(२) कार्यसमितिको कार्यकाल....... वर्षको हुनेछ ।

(३) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्यसमितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्य समितिका रिक्त सदस्यको नियुक्ति कार्य समितिद्धारा गर्न

सकिने छ । तर जुन सदस्य पद रिक्त भएको हो सोहि पदमा नियुक्त भएको सदस्यको कार्यकाल बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

४)कार्यसमितिको बैठक आवश्यकता अनुसार कार्यसमितिको अध्यक्षले बोलाउनेछ। जम्मा सदस्य संख्याको २५ प्रतिशत सदस्यले लिखित माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक बोलाउनु पर्नेछ ।

५) कार्यसमितिको बैठकमा सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ ।

६) सदस्यहरुको जम्मा संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्यसमितिको बैठक हुनेछैन ।

७) कार्यसमितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले वैठकको अध्यक्षता गर्नेछ।

८) कार्यसमितिको बैठकमा सकभर सर्वसहमतिले निर्णय गर्नु पर्ने अन्यथा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

९) कार्यसमितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण माइन्यूट छुट्टै किताबमा लेखी राख्नु पर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तीमा ५१ प्रतिशतले दस्तखत गर्नु पर्नेछ ।

१०) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ । कार्यसमितिले आवश्यक ठानेमा संस्थाको उद्देश्य प्राप्ति एवम् सरल कार्य सम्पादन गर्नका लागि विभिन्न समिति, उपसमिति गठन गर्न सकिनेछ । सोको अनुमोदन साधारण सभाले गर्न सक्नेछ ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

**१५. कार्यसमितिको काम, कर्तव्य र अधिकारः-**

१) संस्थाको आगामी वर्षको कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने।

२) संस्थाको उद्देश्यानुरुपका कार्यक्रमहरु संचालन गर्ने।

३) साधारण सभा प्रति उत्तरदायी हुने।

४) संस्थाको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम् उपभोग र प्रयोग गर्ने।

५) संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने।

६) संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाबाट राख्न लगाउने र बैंक खाता मार्फत कारोवार संचालन गर्ने।

७) संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धि कर्मचारी नियमावली बनाई साधारण सभामा स्वीकृत गराई लागू गर्ने/ गराउने।

८) संस्थाको उदेश्य परिपूर्तिको लागी आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समितिका अन्य समिति, उपसमिति गठन गर्ने।

९) संस्थाको नेतृत्वदायी भूमिका निवार्ह गर्ने ।

.............................................................................................................

...................................................................................................................

..................................................................................................................

**१६. पद त्याग गर्न सक्नेः-**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछ ।

**१७. अन्य समितिहरुः-**

१) यस विधानको परिधि भित्र रहेर संस्थाको कार्य संचालनका लागी कार्यसमितिले आवश्यकता अनुसार अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको वैठकद्धारा अनुमोदन गराउनु पर्नेछ ।

२)उपसमितिहरुको कार्य तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–४

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१८. कार्य समितिका पदाधिकारीको काम, कर्तव्य र अधिकारः-**

१)अध्यक्षः-

(क) साधारण/ विशेष साधारण सभाको अधिवेशन र कार्यसमितिको अध्यक्षता गर्ने र कार्य समिति र साधारण सभामा मत विभाजन भई मत बराबर भएमा निर्णायक मत दिने।

(ख) संस्थाको सर्वोच्च अधिकारीको रुपमा रही पदाधिकारीहरुको काम बाँडफाड गर्ने र नियमित व्यवस्थित प्रभावकारी रुपमा कार्य संचालन गर्ने,।

(ग) कार्यसमितिको वैठक नबसेको अवस्थामा कुनै कार्य गर्ने आवश्यक देखिएमा सो कार्य गरी आगामी वैठकमा अनुमोदनको लागी पेश गर्ने।

(घ) आवश्यकता अनुसार अन्य संस्था, निकाय वा अन्तराष्ट्रिय सघं संस्थाको प्रतिनिधित्व गराउने।

(ङ) अभिलेख प्रमाणित गर्ने।

.......................................................................................................................................

.......................................................................................................................................

......................................................................................................................................

२) उपाध्यक्षः-

(क) अध्यक्षलाई सहयोग गर्ने।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने।

(ग) अध्यक्षको अनुपस्थितीमा अध्यक्षको कार्य गर्ने जिम्मा लिने।

.......................................................................................................................................

.......................................................................................................................................

......................................................................................................................................

३) सचिवः-

(क) संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने।

(ख) अध्यक्षको निर्देशन अनुसार कार्यसमितिमा साधारण सभाको वैठक बोलाउने र सो वैठकको लागि छलफलका विषयहरुको सूची तयार गर्ने ।

(ग) अभिलेख सुरक्षित राख्ने।

(घ) साधारण सभा तथा वैठकबाट भएमा निर्णयहरु कार्यान्वन गराउने।

(ङ) संस्थाको समग्र प्रशासनिक कार्यहरुको रेखदेख, नियन्त्रण तथा निर्देशन गर्ने।

(च) कर्मचारीहरुलाई नियुक्ति गर्नुपर्ने भएमा सो प्रस्ताव कार्य समिति समक्ष पेश गर्नुपर्ने।

(छ) कार्यसमिति र अन्य समितिहरु बीच समन्वय कायम गर्ने र संस्थाको सम्पूर्ण प्रशासनिक कार्यहरु गर्ने।

(ञ) मासिकर त्रैमासिक र वार्षिक रुपमा सम्बन्धित निकायमा बुझाउने प्रतिवेदन तयार गरी बुझाउने।

............................................................................................................................

............................................................................................................................

४) **कोषाध्यक्षः-**

(क) संस्थाको कोषको रेखदेख र संचालन गर्ने।

(ख)साधारण सभामा बार्षिक कार्यक्रम र बजेट पेश गर्ने।

(ग) लेखा दुरुस्त राख्ने।

(घ) नियमित रुपमा बार्षिक लेखा परीक्षण गराउने।

(ङ) संस्थाको आयव्ययको हिसाब दुरुस्त राख्ने र आयव्ययको अनुमान तथा लेखा परीक्षकको प्रतिवेदन कार्यसमिति तथा साधारण सभामा पेश गर्ने।

(च) आर्थिक कारोबार सम्बन्धी मामलामा रेखदेख तथा नियन्त्रण गर्ने तथा त्यस सम्बन्धी आवश्यक निर्देशन दिने।

(छ) संस्थाको चलअचल सम्पत्तिको जिम्मा लिने रेखदेख गर्ने र प्रवद्र्धन गर्न योजना बनाउने।

(ज) संस्थाको आम्दानी वृद्धिको लागि सकृय रहने।

(झ) नियमावली र विधानमा व्यवस्था भए अनुसार अन्य कामहरु गर्ने।

............................................................................................................................

............................................................................................................................

५) **सह-सचिवः-**

क) सचिवको अनुपस्थितीमा सचिवलाई तोकिएको काम गर्ने।

............................................................................................................................

............................................................................................................................

६) **सदस्यः-**

(क) समितिको वैठकमा सकृय सहभागिता जनाउने।

(ख) संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने।

(ग) संचालक समितिले अह्राएको कुनै पनि काम गर्ने।

............................................................................................................................

............................................................................................................................

## परिच्छेद–५

## आर्थिक स्रोत, लेखा तथा लेखापरीक्षण सम्वन्धी व्यवस्था

**१९. संस्थाको कोष-**

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु जम्मा हुनेछन् ।

(क) सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्क रकम,

(ख) कसैले स्वेच्छाले दिएको अनुदान,सहायता बापत प्राप्त रकम,

(ग) संस्थाको चल अचल सम्पति वा अन्य वस्तुको विक्रीबाट प्राप्त रकम,

(घ) नेपाल सरकारबाट हुने आर्थिक सहयोग दान उपहार आदी,

(ङ) विदेश संस्था, व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग बापत प्राप्त रकम,

(च) स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम,

(२) विदेशी संघ संस्था तथा व्यक्तिबाट अनुदान रकम लिने भए समाज कल्याण परिषदको पूर्व स्वीकृति लिएर मात्र सहयोग वा अनुदानको रकम लिइने छ ।

**२०. खाता संचालनः-**

संस्थाको सम्पुर्ण आर्थिक कारोवार वैकिङ पद्धतिमा हुनेछ। यसको लागि संस्थाको अध्यक्ष वा सचिव र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**२१.कोषबाट खर्च गर्ने तरिकाः-**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिम तरिका अपनाई खर्च गरिनेछ ।

(क) संस्थाको बार्षिक बजेट योजना र कार्यक्रम स्विकृती नगरी कोषबाट खर्च गर्न सकिने छैरन।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट खर्च गर्न सकिने छैन।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ।

(घ) कोषको रकम खर्च गर्दा तोकिएको कानुन बमोजिम प्रकृया पुरागरी गर्नुपर्नेछ ।

**२२. संस्थाको लेखा र लेखा परीक्षणः-**

(क) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(ख) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ ।

(ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताब जाँच्न गर्न सक्नेछ ।

(घ) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(ङ) लेखा परीक्षण प्रतिवेदन गाउँपालिकामा र अन्य तिकिएको निकायमा पठाईनेछ ।

(च) लगातार तीन पटक भन्दा वढी एउटै लेखापरीक्षकबाट लेखापरीक्षण गराइने छैन।

## परिच्छेद–६

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

### २३. कार्य समितिको निर्वाचन-

(क) यस संस्थाको कार्य समितिको निर्वाचन गर्नका लागि कार्यसमितिले ३ सदस्यीय निर्वाचन समिति गठन नियुक्त गर्नेछ, निर्वाचन सम्बन्धी नियमहरु प्रचलित निर्वाचन ऐन तथा नियम बमोजिम नै हुनेछ ।

(ख) निर्वाचन सम्बन्धी आवश्यक कार्यविधी निर्वाचन समितिले नै तयार गर्नेछ ।

(ग) साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा ३/४ (तीन चौथाई) सदस्यहरुको सहमति आएमा निर्वाचन अधिकृतले नयाँ कार्यसमितिको घोषणा गर्नेछ ।

### २४. उम्मेदवार हुन अयोग्यताः-

(क) गैर नेपाली नागरिक,

(ख) सामान्य लेखपढ गर्न नसक्ने,

(ग) २१ बर्ष पूरा नगरेको,

(घ) दामासाहीमा परेको

........................................

..........................................

..........................................

### २५. अविश्वासको प्रस्तावः-

१) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन–कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुर्याई संस्थामा दर्ता गर्नुपर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्दछ।
(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ।
(ग) प्रस्तावमा साधारण सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई दस्तखत भएको हुनुपर्छ ।
२) उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति र समय समेत तोकी संस्थाको साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।
३) कुनै सदस्य वा पदाधिकारी उपर अविश्वास प्रस्ताव पेश भएमा त्यस्तो प्रस्ताव साधारण सभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित हुनुपर्नेछ तर सफाईको मौकाबाट भने बञ्चित गरिने छैन ।
४) अविश्वासको प्रस्ताव माथि छलफलको प्रकृयाः
(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो राय समेत सभा समक्ष प्रस्तुत गर्नेछ ।
(ख) उपदफा ४ (क) बमोजिम अविश्वासको प्रस्तावको पक्षका सदस्यले आफ्नो राय प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहेमा बढीमा अन्य तिन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।
(ग) उपदफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिन पर्नेछ ।
**५) अविश्वासको प्रस्ताव माथि निर्णयः**
अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्टयाएर ।

ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष वा विपक्षमा गोप्य मतदान गराएर।

**२६. विधान संशोधन सम्बन्धी व्यवस्थाः-**

(क) यस विधानलाई संशोधन गर्ने अधिकार साधारण सभालाई मात्र हुनेछ ।

(ख) विधान संशोधन सम्बन्धी प्रस्ताव कार्य समितिले आफ्नो सिफारिस सहित साधारण सभामा पेश गर्नुपर्नेछ ।

(ग) यस संस्थाको विधान संशोधन गर्न सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतले पारित गरी स्थानीय अधिकारीको स्वीकृति लिई लागू गरिनेछ । सो को जानकारी सम्वन्धित स्थानीय तह र समाज कल्याण परिषद्लाई दिइनेछ ।

## परिच्छेद–७

## नियम वनाउने,कर्मचारी व्यबस्थापन तथा अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था

**२७. नियम बनाउनेः-**

क) यस संस्थाको दैनिक कार्यहरुलाई नियमित, व्यवस्थित र प्रभावकारी रुपमा समितिले विधानको परिधि भित्र रही नियम बनाउन सक्नेछ । सो नियम साधारण सभाबाट पारित गराई स्थानिय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र लागु हुनेछ ।

(ख) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य संचालन र उद्देश्य कार्यान्वयनको लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी नियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरु साधारण सधामा बाट अनुमोदन गराउनु पर्नेछ ।

**२८. कर्मचारीको व्यवस्थाः-**

(क) संस्थाको दैनिक कार्य संचालन र योजना तथा कार्यक्रम संचालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक ,भत्ता तथा अन्य सेवा सुविधा कर्मचारीको सेवा शर्तहरु र अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ख) वैदेशिक सहयोग र वैदेशिक सल्लाहकार/स्वयंसेवक वा परामर्शदाता लिनुपर्दा गाउँपालिकाको र अन्य तोकिएका निकायको पुर्वस्वीकृति लिइनेछ ।

..........................................................................................................................................

..........................................................................................................................................

२९.अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्थाः-

यस संस्थाको अध्यक्षले कुनै पनि सदस्य वा पदाधिकारीलाई तोकिए वमोजिम अधिकार प्रत्यायोजन गर्न सकिने छ ।

## परिच्छेद–८

## विधानको व्याख्या विघटन तथा बचाउ सम्बन्धी व्यवस्था

३०.व्याख्याको अधिकारः-

यस विनियमको व्याख्याको अधिकार र संस्थाको साधारण सभालाई हुनेछ ।

३१.संस्थाको विघटनः-

संस्था विधान बमोजिम सञ्चालन हुन नसके वा अन्य कुनै कारणले संस्था विघटन गर्नुपर्ने भएमा संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा जानेछ । कुनै कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्व छुटयाई बाँकी रहने सम्पूर्ण जायजेथा गाउँपालिकामा जानेछ ।

३२. बचाउः-

(क) यस विधानमा जे सुकै कुरा लेखिएको भएतापनि प्रचलित कानूनसँग बाँझिएमा बाँझिएको हदसम्म स्वतः निष्कृय भएको मानिनेछ ।

(ख) यस संस्थालाई गाउँपालिकाले आवश्यक अनुगमन तथा निर्देशन दिन सक्ने छ र सो निर्देशनलाई पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

३३. संस्थापक सदस्यहरु-

हामी “................................” को संस्थापक सदस्यहरुले उल्लेखित विधान अनुसार कार्य गर्नेछौं भनी तपसिलका साक्षीहरुको रोहवरमा सहिछाप गरि दियौं ।

| सि. न. | पद | नाम,थर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | अध्यक्ष | | | |
| २. | उपाध्यक्ष | | | |
| ३. | सचिव | | | |
| ४. | कोषाध्यक्ष | | | |
| ५. | सदस्य | | | |
| ६. | सदस्य | | | |

| | | | | |
|---|---|---|---|---|
| ७. | .... | | | |
| ८. | | | | |
| ९. | | | | |
| १०. | | | | |
| ११. | | | | |
| १२. | | | | |
| १३. | | | | |

## अनुसुची १

संस्थाको छापको नमुना यस प्रकार छ ।